■ एनपिएलमा आज दुई खेल

# प्लेअफ सम्भावना बलियो बनाउन जित्नैपर्ने दबाबमा टोली



**हिमालय टाइम्स**

काठमाडौं, १५ मंसिर

काठमाडौंमा जारी दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा आज(मंगलबार) दुई खेल हुँदैछन् । पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्स र चितवन राइनोज भिड्दा दोस्रोमा पोखरा एभेन्जर्स र कर्णाली याक्स आमने-सामने हुनेछन् । पहिलो खेल बिहान पौने १२ बजे र दोस्रो अपराह्न ४ बजे सुरु हुनेछ ।

लगातार चार खेल हारेर पुछारमा रहेको जनकपुरले यो खेल जितेर गणितीय हिसाबले भए पनि प्लेअफको दौडमा कायम रहन चाहन्छ । चार खेलबाट दुई खेल जितेको चितवन भने यो खेल जितेर प्लेअफको सम्भावना बलियो बनाउन चाहन्छ । दोस्रो खेलमा पोखरा र कर्णालीबीच भिडन्त हुनेछ । दुवै टोलीका लागि यो खेल प्लेअफ पुग्न महत्त्वपूर्ण छ । चार खेलमा एक खेलमात्रै जितेको पोखरालाई यो खेल जिते प्लेअफको यात्रामा पुग्न सहज हुनेछ ।

कर्णालीका लागि भने यो खेल गर या मरको अवस्थामा छ । यसअघि सोमबार भने विश्राम दिइएको थियो । मंसिर १ गतेदेखि सुरु प्रतियोगितामा हालसम्म १९ खेल सम्पन्न भएका छन् । अपराजित सुदूरपश्चिम रोयल्समात्रै १० अंक जोडेर प्लेअफ पुग्ने पहिलो टोली बनेको छ । ६ मध्ये चार खेल जितेको काठमाडौं आठ अंकसहित दोस्रो स्थानमा छ । पाँचमा चार जितेको विराटनगर पनि आठ अंकसहित तेस्रोमा छ । चारमध्ये दुई खेलमात्रै जितेको चितवन चौथो नम्बरमा रहँदा पाँचमा समान दुई खेल नै जितेको लुम्बिनी तालिकाको पाँचौं नम्बरमा छ ।

चारमध्ये एक र पाँचमा एक खेल जितेका पोखरा र कर्णाली क्रमशः छैटौं र सातौ नम्बरमा छन् । हालसम्म जितविहीन साबिक विजेता जनकपुर भने पुछारमा छ ।

## काठमाडौं आइपुगे फाफ डुप्लेसिस



दक्षिण अफ्रिकी क्रिकेटर फाफ डुप्लेसिस नेपाल आइपुग्नुभएको छ । उहाँ सोमबार अपराह्न काडमाडौं आइपुग्नुभएको हो । एनपीएलको दोस्रो सिजनको लागि उहाँलाई विराटनगर किङ्सले अनुबन्ध गरेको थियो । उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल क्रिकेट संघ (क्यान)का पदाधिकारी र विराटनगर किङ्सका प्रतिनिधिहरूले स्वागत गरेका थिए । उहाँलाई ढाका टोपी लगाएर स्वागत गरिएको थियो । डुप्लेसिसले आफू नेपाल प्रिमियर लिग खेल्न उत्साहित रहेको प्रतिक्रिया दिनुभएको छ । विमानस्थलमा पत्रकारसँग संक्षिप्त कुरा गर्दै उहाँले आफू नयाँ अनुभव बटुल्न आएको बताउनुभयो । एनपिएल पहिलो सिजनबाटै आफूले पछ्याएको र हाल विराटनगर किङ्सले उत्कृष्ट प्रदर्शन गरिरहेको उहाँले टिप्पणी गर्नुभयो । साथै, नेपाली दर्शक निकै उत्साही रहेको भन्दै उनीहरूका सामुन्ने प्रदर्शन गर्न व्यग्र रहेको उहाँले बताउनुभयो ।

## दोस्रो इन्टर-कलेज छात्रा बास्केटबल प्रतियोगिता सुरु

**काठमाडौं /हिटा ।** दोस्रो इन्टर-कलेज छात्रा बास्केटबल प्रतियोगिता सोमबारदेखि ललितपुरको सानो गाउँ, सिद्धिपुरस्थित रोयल बास्केटबल एकेडेमीको कोर्टमा सुरु भएको छ । प्रतियोगिता प्रोफेशनल एजुकेसन कन्सल्टेन्सी (पिइसी) र अष्ट्रेलियन क्याथोलिक युनिभर्सिटी (एसीयू) को संयुक्त आयोजनामा भएको हो ।

३२ वर्षदेखि शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको पिइसीले करिब दुई दशकयता नेपाली खेलकुद, विशेषगरी महिला खेलकुद, क्रिकेट र बास्केटबलमा समेत सक्रिय रूपमा सहयोग गर्दै आएको आयोजकले जनाएको छ । महिला खेलाडीलाई अगाडि ल्याउने र अवसर विस्तार गर्ने उद्देश्यले पिइसीले विभिन्न कार्यक्रम गर्दै आएको छ । नेपाल महिला राष्ट्रिय क्रिकेट टिमकी कप्तान इन्दु वर्मा पिइसीकी ब्रान्ड एम्बासडरसमेत रहनुभएको छ । उद्घाटन समारोहकी मुख्य अतिथि तथा अष्ट्रेलियन क्याथोलिक युनिभर्सिटीकी नेपाल प्रतिनिधि अनुश्का श्रेष्ठले खेलकुदमार्फत बालिकाहरूलाई अवसर र प्रेरणा दिनु अत्यन्त आवश्यक रहेको बताउनुभयो । सो अवसरमा पिइसीका सेल्स तथा मार्केटिङ निर्देशक राजु सिंहले शैक्षिक सेवासँगै संस्थाले गर्दै आएका सामाजिक गतिविधिको महत्वबारे प्रकाश पार्नुभयो । एसीयू र पिइसीले यस प्रतियोगितालाई आफ्नो वार्षिक क्यालेन्डर भित्रको नियमित कार्यक्रमका रूपमा प्रत्येक वर्ष आयोजना गर्ने योजना सार्वजनिक गरेका छन् । यस वर्ष काठमाडौं उपत्यकाका विभिन्न कलेजबाट पाँच छात्रा टिम सहभागी भएका छन्, जुन हालसम्मकै ठूलो सहभागिता भएको आयोजकको भनाइ छ । उद्घाटन समारोहमा नेपाल महिला राष्ट्रिय बास्केटबल टिमका खेलाडी र प्रतिनिधिको उपस्थिति रहेकाले सहभागी खेलाडीको उत्साह थपिएको थियो ।

पहिलो दिन तीन रोमाञ्चक खेल सम्पन्न भए । पहिलो खेलमा जेभियर इन्टरनेशनल कलेजले कान्जीरोवा नेशनल सेकेन्डरी स्कूललाई ३५-२७ ले पराजित गऱ्यो । दोस्रो खेलमा गोल्डेन गेट कलेजले ल्याण्डमार्क एकेडेमीलाई ३९-१६ ले हरायो । त्यस्तै तेस्रो खेलमा ल्याण्डमार्क कलेजले ब्लुभर्ड कलेजलाई २२-२१ ले पराजित गर्दै विजयी सुरुवात गऱ्यो ।

प्रतियोगिता मंसिर २१ गतेसम्म सञ्चालन हुनेछ । आयोजकले यस माध्यमबाट महिला खेलकुदको उन्नति, नेतृत्व विकास र आत्मविश्वास अभिवृद्धिमा टेवा पुग्ने विश्वास लिएका छन् ।

■ एसिसी यू-१९ प्रिमियर कप

# फाइनलमा चुक्यो नेपाल, युएईले जित्यो उपाधि



**हिमालय टाइम्स**

काठमाडौं, १५ मंसिर

युएईले एसिसी यू-१९ प्रिमियर कपको उपाधि जितेको छ । फाइनलमा नेपाललाई २७ रनले पराजित गर्दै युएईले उपाधि जितेको हो । युएईले दिएको १४८ रनको लक्ष्य पछ्याएको नेपाल ३३ ओभर दुई बलमा १२० रनमा समेटियो । नेपालका लागि कप्तान अशोक धामीले सर्वाधिक ३४ रन बनाएपनि जितका लागि पर्याप्त हुन सकेन । रोशन विश्वकर्मा २५, आशिष लुहार २५ र वन्श क्षेत्री ११ रनमा आउट हुनुभयो ।

त्यसअघि युएईमा भएको फाइनल खेलमा नेपालविरुद्ध घरेलु टोली ४५ ओभर पाँच बलमा १४७ रनमा अलआउट भएको थियो । यूएईलाई सस्तोमा समेट्न नेपालका दयानन्द मण्डलले सर्वाधिक ६ विकेट लिनुभएको थियो । उहाँले ६ ओभर पाँच बलमा १७ रन खर्चेर ६ विकेट लिनुभएको थियो । अपराजित पौडेल दुई तथा नितेज पटेल र अशोक धामीले एक-एक विकेट लिनुभयो । ब्याटिङमा युएईका अहमद खुदाददले सर्वाधिक ७१ रन बनाउनुभयो । नुरुउल्ला आयोबीले २६ रन बनाउँदा अन्य ब्याटर चल्न सकेनन् । नेपाल उपविजेता बन्दै एसिया कपमा छनोट भएको हो ।

## एडिलेड डबल टेनिसमा भेष र दिपेशको जोडी विजयी

**काठमाडौं /हिटा ।** नेपाली टेनिस क्लब अष्ट्रेलियाको आयोजनामा एडिलेडमा सम्पन्न डबल टेनिस प्रतियोगितामा भेष थापा र दिपेश कुँवरको जोडी विजयी भएको छ । स्थानीय म्यारियन टेनिस क्लबमा भएको प्रतियोगितामा उपविजेता राजबहादुर केशी र दिलिप तमाङको जोडी रहेको थियो ।

फेयर प्ले अवार्ड सौरभ बिडारी र कृष्ण गुरुङको जोडीले प्राप्त गरेको थियो । विजयी खेलाडीहरूलाई एनआरएनए ओशियानका पूर्व सहसंयोजक नवीन कँडेल, लोन सोलुसन एडिलेडका निर्देशक अशोक अधिकारी, क्लबका सचिव बलराम भण्डारीलगायतका अगुवाहरूले पुरस्कार वितरण गरेका थिए । पुरस्कार वितरण कार्यक्रमको सञ्चालन क्लबका पब्लिक अफिसर सुरेन्द्र रेग्मीले गर्नुभएको थियो । कार्यक्रम संयोजक उमेश बुढाथोकीले खेलाडी, सहयोगी तथा स्वयंसेवकहरूलाई आभार व्यक्त गर्नुभएको छ ।


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Panipokhari, Kathmandu**
**Date of Publication: 2082/08/16**

**Invitation for bid**

1. The Department of Water Supply & Sewerage Management invites electronic bids from eligible bidders for the Procurement of Different types of Stationery & Miscellaneous goods, Contract ID : DWSSM/GOODS/NCB/01/2082/83 of Estimated cost: NPR.28,24774.00 (Inclusive VAT) under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders/suppliers may obtain further information at the website of DWSSM (www.dwssm.gov.np) office, Panipokhari, Kathmandu; phone no.: 01-4006528 or may visit PPMO website www.bolpatra.gov.np.

**कुवेतमा रोजगार**

कम्पनी: M.M.C CATERING CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ — चलानी नं.: ६०२४८०७५ — L.T. No.: 334266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 10 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ९३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 20 | 0 | | 90 | ४१,८८६ | | | | | | | |
| 3. | Commis | 10 | 0 | | 180 | ८३,७७२ | | | | | | | |
| 4. | Cook | 10 | 0 | | 180 | ८३,७७२ | | | | | | | |
| 5. | Kitchen Helper | 20 | 20 | | 90 | ४१,८८६ | | | | | | | |
| 6. | Light Driver | 20 | 0 | | 140 | ६५,१५६ | | | | | | | |
| 7. | Waiter | 20 | 0 | | 125 | ५८,१७५ | | | | | | | |
| 8. | Waitress | 0 | 10 | | 125 | ५८,१७५ | | | | | | | |

कम्पनी: AL-MOHANNADI ROADS TRADING AND CONTRACTING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ — चलानी नं.: ६०२४८०७७ — L.T. No.: 334269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४४,२१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 120 | ५५,८४८ | | | | | | | |
| 3. | Pipefitter | 10 | 0 | | 120 | ५५,८४८ | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 120 | ५५,८४८ | | | | | | | |
| 5. | Suttering Carpenter | 10 | 0 | | 120 | ५५,८४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com



**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल .**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति :- २०८२|०८|१६**

यस कार्यालयद्वारा मिति २०८२|०६|२७ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव छनोट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजानार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**छनोट भएका बोलपत्रदाताहरुको विवरणः-**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|
| 1. | KMUN/W/NCB /03/082/083 | Katari Buspark Upgradation and Land Protection Works | Puspa Hem-RDR-Gautam Jv, Katthmandu-21, Bhotebahal | **Katari Municipality Katari, Udayapur.** **Date:** 2082\|08\|24 **Time:** 11:00 AM |
| 2. | | | Aaryan –MR-Adhikari Jv. Katari, Udayapur | |

**प्रमुख प्रशासकीय अधिकृत**



**सडक डिभिजन साँफेबगर, अछाम**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०८/१६**

यस सडक डिभिजनबाट मिति २०४२/०४/२९ गते हिमालय टाइम्स दैनिकमा सूचना नं. ०२/०८२/८३ को प्रकाशित सुचना अनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरुको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव स्वीकृत भई मिति २०८२/०८/०१ गते प्रभाव दैनिकमा आर्थिक प्रस्ताव खोल्ने सुचना प्रकाशित भई न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको निम्न ठेक्काहरुमा तपशिल बमोजिम बोलपत्रदाताहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि सोही ऐनको दफा २७ उपदफा २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ |

**तपशिल**

| क्र .सं | ठेक्का नं | निर्माण कार्यको विवरण तथा स्थान | न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाताको नाम | कबोल अंक (भ्याट बाहेक र पि.एस सहित ) |
|---|---|---|---|---|
| 1 | RDSNF/33701169/082/83-03 | Road Upgrading works along Bagadi-Sanikhet-Chiplek-hola Mellelekh-2 Accham (Achham-Bajura) | Nandegada /P.K.G. J.V. | 1,70,19,486.60 |
| 2 | RDSNF/33701169/082/83-04 | Road Upgrading works along Budhabagar-Babla-Khaptad Sadak Achham | BRS-Anup-Ashok Joint Venture | 1,31,10,575.00 |
| 3 | RDSNF/33701169/082/83-05 | Road Upgrading works along Tribani Na,Pa.-9 Rintola-Tamsu- Ward Office Bajura | Bhumiraj-Rohit-Krish J.V. | 1,57,10,711.00 |
| 4 | RDSNF/33701169/082/83-06 | Road Upgrading works along Khaptad-Rara Tourism Marg(sudurpashim-Karnali),Achham | Upahar/Jamuna J.V., Sanfebagar, Achham | 1,78,19,207.10 |
| 5 | RDSNF/33701169/082/83-07 | Road Upgrading works along Bamka Na. Pa.-Malta Healthpost-Kholalbada Sadak (ward 6,5,4),Bajura | Jagadamba Nirman Sewa | 1,75,51,300.20 |
| 6 | RDSNF/33701169/082/83-08 | Road Upgrading Works along Martadi-Ghatmuna-Saedhunga-Dahakot-Bajhang Simana Sadak,Bajura | SK Construction | 1,86,48,961.00 |

**डिभिजन प्रमुख**